## **Fellowship कार्यक्रममा भर्ना सम्बन्धी सूचना !**

(प्रथम पटक प्रकाशित मिति २०८२।०४।२० गते)

निजामती कर्मचारी अस्पतालले शैक्षिक वर्ष २०८२/०८३ मा संचालन गर्ने Urogynecology, Gyneoncology र Spine Surgery विषयको Fellowship कार्यक्रममा भर्ना हुन तपसिलको योग्यता र कार्य अनुभव पुगेका इच्छुक नेपाली नागरिकहरुबाट निजामती कर्मचारी अस्पतालको शैक्षिक (Academic) कार्यक्रम शाखामा आफ्नो शैक्षिक र कार्य अनुभव सम्बन्धी प्रमाणपत्र सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन (निवेदन दिने अन्तिम दिन अस्पतालको सार्वजनिक विदा परेको खण्डमा सो को भोलिपल्ट) प्राप्त हुने गरी रितपूर्वक दरखास्त फाराम बुझाउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।तोकि बमोजिमको रित नपुगी र म्याद नाघी पर्न आएको दरखास्त उपर कुनै कारवाही हुने छैन।

तपसिलः

| सि.नं | फेलोसिप कार्यक्रम | आवश्यक न्युनतम शैक्षिक योग्यता | कार्य अनुभव | फेलोसिप अवधि |
|---|---|---|---|---|
| १. | Urogynecology | मान्यता प्राप्त शिक्षण संस्थाबाट Obstetrics and Gynecology विषयमा स्नातकोत्तर (MD) वा सो सरहको शैक्षिक योग्यता उत्तीर्ण भएको हुनु पर्ने । | नेपाल मेडिकल काउन्सिलबाट विशेषज्ञ दर्ता प्रमाणपत्र प्राप्त गरी मान्यता प्राप्त स्वास्थ्य संस्थामा कम्तिमा २ वर्षको कार्य अनुभव भएको हुनु पर्ने। | २ वर्ष |
| २. | Gyneoncology | मान्यता प्राप्त शिक्षण संस्थाबाट Obstetrics and Gynecology विषयमा स्नातकोत्तर (MD) वा सो सरहको शैक्षिक योग्यता उत्तीर्ण भएको हुनु पर्ने। | नेपाल मेडिकल काउन्सिलबाट विशेषज्ञ दर्ता प्रमाणपत्र प्राप्त गरी मान्यता प्राप्त स्वास्थ्य संस्थामा कम्तिमा ३ वर्षको कार्य अनुभव भएको हुनु पर्ने। | २ वर्ष |
| ३. | Spine Surgery | मान्यता प्राप्त शिक्षण संस्थाबाट Spine Surgery विषयमा स्नातकोत्तर (MS) वा सो सरहको शैक्षिक योग्यता उत्तीर्ण भएको हुनु पर्ने। | नेपाल मेडिकल काउन्सिलबाट विशेषज्ञ दर्ता प्रमाणपत्र प्राप्त गरी मान्यता प्राप्त स्वास्थ्य संस्थामा कम्तिमा २ वर्षको कार्य अनुभव भएको हुनु पर्ने। | १ वर्ष |

**द्रष्टव्यः**

१. परीक्षा दस्तुरः परीक्षा शुल्क रू. ३,०००/- (तीन हजार रुपैया फिर्ता नहुने गरी) "**निजामती कर्मचारी अस्पताल एकेडेमिक प्रोग्राम**" को नाममा कृषि विकास बैंकमा रहेको खाता नं. ०२१०२०००५३७८३०५१ मा जम्मा गरेको भौचर पेश गर्नु पर्नेछ।

२. परीक्षाको किसिमः अन्तर्वार्ता।

३. निर्वाह भत्ता (Stipend): निजामती कर्मचारी अस्पतालको निर्णयानुसार हुने।

४. प्रवेश परीक्षाः अस्पतालको **Website: www.csh.gov.np** मा प्रकाशित गरिने।

५. नेपाल सरकारको सेवामा कार्यरत स्थायी चिकित्सकहरुले आफु अन्तर्गत मन्त्रालयको पूर्व स्वीकृति, स्थायी नियुक्तिको प्रतिलिपी र अध्ययन बिदाको लागि योग्य भएको प्रमाण अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

६. Sponsorship Candidate को हकमा Fellowship गर्न चाहने उम्मेदवारले सम्बन्धित संस्थाबाट अध्ययन बिदा तथा Sponsorship Letter पेश गर्नुपर्नेछ।

७. Fellowship कार्यक्रमको शुल्कको हकमा निजामती कर्मचारी अस्पतालले तोके बमोजिम हुनेछ।

८. थप जानकारीका लागि यस अस्पतालको शैक्षिक कार्यक्रम शाखा कोठा नं २०१ वा टेलिफोन नं. ०१-४७९३००४ मा सम्पर्क राखु हुन अनुरोध छ।

..............................

कार्यकारी निर्देशक